कार्भिङ विधिबाट टाँक तथा कलात्मक सामानहरु बनाउने कालीगढ सम्बन्धी पाठ्यक्रम
*(हाड, सिंङ तथा काठका हस्तकला सम्बन्धी)*

# Curriculum
# For
# Carver
# [Button & Artistic Articles]
***(Handcraft Making: Using Bone, Horn and Wood)***

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको छोटो अवधिको तालिम कार्यक्रम
***An apprenticeship type short course***


## पाठ्यक्रम विकास महाशाखा
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
सानोठिमी, मध्यपुर थिमी-१७, भक्तपुर
२०६४

यो पाठ्यक्रममा संलग्न घरपालुवा जनावरका हाड, सिङ तथा काठबाट निर्मित नमूना हस्तकलाका सामानहरूको सबै अधिकार लक्ष्मी उड क्राफ्ट उद्योगमा सुरक्षित रहेको हुनाले तालिम प्रयोजन बाहेकका अवस्थामा ती नमूनाहरूको प्रयोग गर्न मनाही गरिएको छ । अन्यथा प्रचलित कानूनबमोजिम हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

# विषय सूची

कृतज्ञता.......... 4
पृष्ठभूमिः.......... 5
कार्यक्रमको लक्ष्य तथा उद्देश्य :.......... 5
पाठ्यक्रम विवरण :.......... 5
लक्षित समूह : .......... 5
प्रशिक्षार्थी संख्या :.......... 5
तालिम प्रवेशको लागि न्यूनतम योग्यता :.......... 5
समयावधि : .......... 6
प्रशिक्षणको माध्यम : .......... 6
न्यूनतम उपस्थितिको आवश्यकता : .......... 6
प्रमाणपत्र सम्बन्धी व्यवस्था :.......... 6
प्रशिक्षकको संख्या :.......... 6
प्रशिक्षकको न्यूनतम योग्यता : .......... 6
प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रिया :.......... 6
तालिम संचालनार्थ आवश्यक भौतिक पूर्वाधार :.......... 6
मूख्य कार्यहरूको सूची .......... 9
मूख्य कार्य (Duty) नं. १ .......... 11
मूख्य कार्य (Duty) नं. २ .......... 13
मूख्य कार्य (Duty) नं. ३. .......... 14
मूख्य कार्य (Duty) न ४ .......... 15
मूख्य कार्य (Duty) नं. ५.......... 16
मूख्य कार्य (Duty) नं. ६.......... 18
मूख्य कार्य (Duty) नं. ७.......... 20

# कृतज्ञता

विभिन्न कारणवश खेर गइरहेका हाँगा, विँगा तथा घरपालुवा जनावरका सिङ, खुर इत्यादिको प्रयोग गरी वातावरण प्रदुषणमा न्यूनीकरण गरी न्यूनतम लगानीमा आय आर्जनको भरपर्दो माध्यम बन्ने दक्ष कालिगढ उत्पादन गर्ने उद्देश्यले यो पाठ्यक्रम तयार गरिएको देखिन्छ ।

लक्ष्मी उड क्राफ्ट उद्योग (जुन सम्भवतः घरपालुवा जनावरका हाड सिङ तथा खुरबाट टाँक उत्पादन गर्ने नेपालकै पहिलो उद्योग हो) को सक्रिय सहभागितामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा हस्तकलाका सामानहरू बनाउने छोटो अवधिको तालिम कार्यक्रमको यो पाठचक्रम तयार परिएको हो । लक्ष्मी उड क्राफ्ट उद्योगका संचालक श्री लक्ष्मी शर्मा र व्यवस्थापक श्री चिरञ्जीवी रिजालको सक्रिय सहयोगको परिणामस्वरूप यो पाठ्यक्रम तयार भएको हो । यस्ता रोजगारमूलक तालिमका लागि पाठचक्रम तयार गर्ने काममा वहाँहरूले देखाउनु भएको इच्छा र उदारताका लागि वहाँहरू दुबैलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पाठचक्रम विकास महाशाखाका तर्फतथा हार्दिक धन्यवाद दिन चाहन्छु ।

पाठ्यक्रम निर्माण गर्ने काममा यस महाशाखाका वरिष्ठ पाठ्यक्रम अधिकृत श्री प्रदीप अधिकारी तथा पाठ्यक्रम अधिकृत श्री मिस्टरकान्त मैनालीहरूले विधि विशेषज्ञ **(Process Expert)** को रूपमा गर्नुभएको योगदानलाई पनि यहाँ उल्लेख गर्न चाहन्छु ।

शिवशंकर घिमिरे
निर्देशक
पाठ्यक्रम विकास महाशाखा

## पृष्ठभूमिः

दक्ष सीपयुक्त जनशक्तिको अभावमा हाम्रो देशको अमूल्य साधन र स्रोतहरूको उचित उपयोग हुन नसकी खेर गइरहेको छ । यसको साथै विभिन्न प्रयोगमा आउन सक्ने कतिपय सामानहरू बनाउन सकिने कच्चा पदार्थ जस्तै विभिन्न प्रकारका रूखहरूका हाँगा, काठ, घरपालुवा जनावरहरू राँगा, खसी, च्याङ्ग्रा इत्यादिका हाड, सिङ, खुर त्यसै खेर गइराखेका छन् । आय आर्जन गर्न सकिने अवसरहरूको कमी रहेको हाम्रो जस्तो मुलुकमा यस्ता खेर गइरहेका पदार्थहरूको प्रशोधन गरी उपयुक्त प्रयोग गर्न सके बेरोजगारीले पिल्सिएका युवाहरूलाई अवश्य नै भरपर्दो रोजगारीको सिर्जना हुने साथै यस्ता प्रयासबाट वातावरण प्रदुषण कम गराउन पनि उल्लेखनीय योगदान कुरा निर्विवाद छ । यसै पृष्ठभूमिमा **कार्भिङ्ग विधिबाट** विभिन्न प्रकारका टाँक र कलात्मक सामानहरु बनाउने सीप सिकाउन यो छोटो अवधिको तालिम पाठ्यक्रम तयार पारिएको छ ।

## कार्यक्रमको लक्ष्य तथा उद्देश्य :

यस पाठ्यक्रमले कार्भिङ्ग गरेर काठ तथा घरपालुवा जनावरका हाड, सिङ, खुर इत्यादिबाट साधारण तथा कलात्मक टाँक र कलात्मक सामानहरु बनाउनसक्ने सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको छ ।

यस पाठचक्रमका उद्देश्यहरू हुन् :

क. विभिन्न प्रकारका काठ तथा रूखका हाँगा जस्ता स्थानीय कच्चापदार्थको सदुपयोग गर्ने ।

ख. घरपालुवा राँगा, खसी, भेंडा, च्याङ्ग्रा इत्यादि जनावरहरूका हाड, सिङ, खुर जस्ता वातावरण प्रदूषित गर्ने र खेर गइरहेका कच्चा पदार्थहरूको सदुपयोग गर्ने ।

ग. विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय साधारण तथा कलात्मक टाँक र कलात्मक सामानहरु उत्पादनका लागि विश्वव्यापी रूपमा सीप, प्रविधि र दक्ष जनशक्तिको आदान प्रदान गर्ने गराउने ।

## पाठ्यक्रम विवरण :

यस पाठ्यक्रमले  काठ, हाँगा, घरपालुवा जनावरका हाड, सिङ, खुरहरू **कार्भिङ्ग** गरी विभिन्न प्रकारका आकर्षक टाँकहरू र कलात्मक सामानहरु बनाउने सैद्धान्तिक ज्ञान तथा प्रयोगात्मक सीपहरू प्रदान गर्दछ । यस अतिरिक्त यस पाठचक्रमले कार्भिङ्गमा प्रयोग हुने विभिन्न खाले हाते औजार तथा मेशिनहरूको सञ्चालन तथा संभार गर्ने ज्ञान र सीप पनि प्रदान गर्छ ।

## लक्षित समूह :

कार्भिङ्ग विधिबाट टाँक र कलात्मक सामानहरु उत्पादन कार्यमा दक्षता हासिल गर्न चाहने इच्छुक नेपाली युवा तथा युवतीहरू ।

## प्रशिक्षार्थी संख्या :

एक समूहमा अधिकतम २० जना ।

## तालिम प्रवेशको लागि न्यूनतम योग्यता :

क. साधारण लेखपढ गर्न सक्ने,

ख. कम्तीमा १८ वर्ष उमेर पुगेका,

ग. मानसिक तथा शारीरिक रूपमा स्वस्थ,

घ. अन्धा, बहिरा र आफै यताउता गर्न नसक्नेदेखि बाहेकका अपाङ्ग तथा असहाय युवा युवतीहरूलाई संस्थाको नियमानुसार तालिममा प्राथमिकता दिइनेछ ।

## समयावधि :

यस पाठ्यक्रमको लागि सैद्धान्तिक ५० घण्टा (४.२४ प्रतिशत) र प्रयोगात्मक ११३० घण्टा (९५.७६ प्रतिशत) गरी जम्मा ११८० घण्टा कक्षागत तालीम तथा ३२० घण्टा औद्योगिक अभ्यास गरी **कूल जम्मा १५०० घण्टा** समयावधि निर्धारण गरिएको छ ।

## प्रशिक्षणको माध्यम :

प्रशिक्षणको माध्यम नेपाली हुनेछ । प्रशिक्षणमा प्रयोग हुने औजार तथा मेसिनहरूको नामहरू अंग्रेजीमा पनि हुन सक्नेछ ।

## न्यूनतम उपस्थितिको आवश्यकता :

तालिम अवधिको कम्तीमा ९० प्रतिशत उपस्थिति जनाएका प्रशिक्षार्थीहरूले मात्र तालिममा सहभागी भएको प्रमाण-पत्र प्राप्त गर्न सक्नेछन् ।

## प्रमाणपत्र सम्बन्धी व्यवस्था :

तालिम दिने संस्था स्वयंले नै प्रशिक्षार्थीहरूलाई तालिम सफलतापूर्वक सम्पन्न गरेको व्यहोरा सहितको **"कार्भिङ विधिबाट टांक तथा कलात्मक सामानहरु बनाउने कालीगढ"** विषयक प्रमाणपत्र प्रदान गर्नेछ । प्रमाणपत्रको ढांचा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले स्वीकृत गरेको हुनु पर्नेछ । नमूना प्रमाणपत्र यसै पाठ्यक्रमको अनुसूचीमा दिइएको छ ।

## प्रशिक्षकको संख्या :

सैद्धान्तिक कक्षामा १० प्रशिक्षार्थीको लागि १ (१:१०) जना र प्रयोगात्मक कक्षामा १० प्रशिक्षार्थीको लागि प्रशिक्षक र सहायक प्रशिक्षक गरी कम्तीमा २ (१:५) जना हुनुपर्नेछ ।

## प्रशिक्षकको न्यूनतम योग्यता :

क. कार्भिङ्ग विधिमा दक्ष कालिगढ ।
ख. सम्बन्धित उद्योग (काठ, हाड, सिङ, खुर सम्बन्धी कार्भिङ्ग विधिमा कम्तीमा पाँच वर्षको कार्यानुभव ।

## प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रिया :

प्रत्येक कार्यहरू (Tasks) सम्पादन गर्दा क्रमिक मूल्याङ्कन तथा अनुगमनको आधारमा प्रशिक्षार्थीको योग्यता निर्धारण गरिनेछ । अन्तमा, कुनै एक प्रोजेक्ट दिई त्यसको सम्पादनका आधारमा अन्तिम योग्यता तोकिनेछ ।

## तालिम संचालनार्थ आवश्यक भौतिक पूर्वाधार :

### १. भवन तथा कोठाहरू:

| | | |
|---|---|---|
| क. कार्यालय कोठा | – | १ वटा |
| ख. कक्षा कोठा १० जना अट्ने | – | १ वटा |

(कम्तीमा प्रति प्रशिक्षार्थी ५ वर्ग फिट स्थानको हिसाबले ५० वर्ग फिटको कक्षा कोठा हुनुपर्नेछ । कक्षा कोठामा उचित प्रकाश तथा हावाको व्यवस्था हुनुपर्नेछ ।

ग. आगन्तुक कक्ष – १ वटा

घ. प्रशिक्षक तयारी कक्षा – १ वटा

ङ. कार्यशाला कोठा

(कम्तीमा प्रति प्रशिक्षार्थी ३.२५ वर्ग फिट स्थानको हिसाबले ३२५ वर्ग फिटको कार्यशाला हुनुपर्नेछ) ।

च. कच्चा पदार्थ राख्ने गोदाम – १ वटा

छ. सामानहरू दिने/लिने कोठा – १ वटा

## २. उपकरण तथा औजार :

### कार्यशालामा चाहिने

क. कार्भिङ्ग मेशिन सेट – १५ वटा

ख. धार लगाउने रेती – १५ वटा

ग. नाप्ने औजारहरू :

Rulers – १५ वटा

घ. आवश्यक औजारहरू :

Wrench in required sizes – १५ वटा प्रत्येक

ङ. Parting Tool: Fishtail or Diamond shaped – १५ वटा प्रत्येक

च. Scraper:

Standard, Square-end, Round-nose – १५ वटा प्रत्येक

छ. Googles अथवा Plexiglas face shield – १५ वटा

ज. एप्रोन – १५ वटा

झ. प्राथमिक उपचार सामाग्रीहरू राखिएका Kit – ५ सेट

ञ. Fire Extinguishers – ४ सेट

ट. Ear Plug – १५ सेट

### कार्यालय सञ्चालन सम्बन्धी :

क. कम्प्युटर – १

ख. प्रिन्टर – १

ग. फोटोकपी मेसिन – १

घ. ओभरहेड प्रोजेक्टर – १

ङ. ह्वाइट बोर्ड – २

च. फ्लिप चार्ट बोर्ड – १

छ. पिन बोर्ड – १

ज. टेलिभिजन/डेक – १ सेट

झ. टेबुल – २० वटा

ञ. कुर्सी – २० वटा

### प्रशिक्षण सामाग्रीहरू :

क. फ्लिप चार्ट पेपर – आवश्यकता अनुसार

| | | |
|---|---|---|
| ख. फ्ल्यास कार्ड | – | आवश्यकता अनुसार |
| ग. फोटोकपी पेपर | – | आवश्यकता अनुसार |
| घ. फाइल/पेन/पेन्सिल/कपी | – | आवश्यकता अनुसार |
| ङ. Floopy Disk | – | आवश्यकता अनुसार |

## मूख्य कार्यहरूको सूची

| क्र.सं. | मूख्य कार्य (Duty)/कार्य (Task)हरू | समयावधि घण्टामा | | |
|---|---|---|---|---|
| | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा |
| १. | **कार्भिङ्ग (Carving) विधिमा प्रयोग हुने हाते औजार/मेशिनहरू तथा सुरक्षाको सम्बन्धमा जानकारी लिने तथा तिनीहरूको सामान्य मर्मत संभार गर्ने ।** | 14 | 64 | 78 |
| | १.१ कार्भिङ्ग कार्यमा प्रयोग हुने विभिन्न हाते औजारहरूको बारेमा जानकारी लिने । | 3 | 15 | 18 |
| | १.२ कार्भिङ्ग मेशिनको विभिन्न भागहरूको नाम/काम थाहा पाउने । | 2 | 10 | 12 |
| | १.३ धार लगाउने मेशिन तथा प्रणालीको बारेमा आवश्यक जानकारी लिने । | 2 | 10 | 12 |
| | १.४ कार्यशालामा कार्भिङ्ग मेशिन राखिएका ठाउँहरूको बारेमा जानकारी लिने । | 1 | 5 | 6 |
| | १.५ कार्भिङ्ग मेशिनको क्षमता/विधुतको आवश्यकता तथा सुरक्षाको बारेमा थाहा पाउने । | 2 | 5 | 7 |
| | १.६ कार्भिङ्ग मेशिनको मर्मत संभार सम्बन्धी ज्ञान लिने । | 1 | 7 | 8 |
| | १.७ आवश्यकता अनुसार तिल्लि (सुइरो) हरू प्रयोग गरी कटरहरू बनाउने । | 1 | 7 | 8 |
| | १.८ हाते औजार/मेशिनहरूको प्रयोगमा अपनाउनुपर्ने सुरक्षाका उपाय बारेमा जानकारी लिने । | 2 | 5 | 7 |
| २. | **सरल बुट्टादार टाँक(Simple Carved Button)हरू बनाउने ।** | 6 | 152 | 158 |
| | २.१ काठका सरल बुट्टादार टाँक बनाउने । | 2 | 40 | 42 |
| | २.२ सिङका सरल बुट्टादार टाँक बनाउने । | 2 | 56 | 58 |
| | २.३ हाडका सरल बुट्टादार टाँक बनाउने । | 2 | 56 | 58 |
| ३. | **कलात्मक बुट्टादार टाँक (Artistic Carved Button) हरू बनाउने ।** | 3 | 138 | 141 |
| | ३.१ काठका कलात्मक बुट्टादार टाँक बनाउने । | 1 | 40 | 41 |
| | ३.२ सिङका कलात्मक बुट्टादार टाँक बनाउने । | 1 | 42 | 43 |
| | ३.३ हाडका कलात्मक बुट्टादार टाँक बनाउने । | 1 | 56 | 57 |
| ४. | **कलात्मक जनावर डिजाइन/अन्य डिजाइनका टाँक (Artisctic Animal Design Button) हरू बनाउने ।** | 4 | 192 | 196 |
| | ४.१ काठका जनावर/अन्य डिजाइनका बुट्टादार टाँक बनाउने । | 1 | 64 | 65 |
| | ४.२ सिङका जनावर/अन्य डिजाइनका बुट्टादार टाँक बनाउने । | 1 | 64 | 65 |
| | ४.३ हाडका जनावर/अन्य डिजाइनका बुट्टादार टाँक बनाउने । | 2 | 64 | 66 |
| ५. | **काठका कलात्मक सजावटका सामान (Artisctic Decorative Article) हरू बनाउने ।** | 7 | 160 | 167 |
| | ५.१ काठको कलात्मक माछा सियोदानी बनाउने । | 2 | 24 | 26 |
| | ५.२ काठको कलात्मक जाली सियोदानी बनाउने । | 1 | 32 | 33 |
| | ५.३ काठको कलात्मक पातबुट्टे सियोदानी बनाउने । | 1 | 24 | 25 |
| | ५.४ काठको कलात्मक क्रोसेट हुक बनाउने । | 1 | 40 | 41 |
| | ५.५ काठको कलात्मक बुद्ध आकारको बट्टा बनाउने । | 2 | 40 | 42 |

| क्र.सं. | मूख्य कार्य (Duty)/कार्य (Task)हरू | समयावधि घण्टामा | | |
|---|---|---|---|---|
| | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा |
| ६. | **सिङका कलात्मक सजावटका सामान (Artisctic Decorative Article) हरू बनाउने ।** | 7 | 176 | 183 |
| | ६.१ सिङको कलात्मक बूढो मान्छे सियोदानी बनाउने । | 2 | 32 | 34 |
| | ६.२ सिङको कलात्मक स्तुपा सियोदानी बनाउने । | 1 | 24 | 25 |
| | ६.३ सिङको कलात्मक मकै सियोदानी बनाउने । | 1 | 24 | 25 |
| | ६.४ सिङको कलात्मक माछा हुक बनाउने । | 1 | 56 | 57 |
| | ६.५ सिङको कलात्मक लोखर्के बनाउने । | 2 | 40 | 42 |
| ७. | **हाडका कलात्मक सजावटका सामान (Artisctic Decorative Article) हरू बनाउने ।** | 9 | 248 | 257 |
| | ७.१ ह्ाडको कलात्मक बट्टा बनाउने । | 3 | 56 | 59 |
| | ७.२ हाडको कलात्मक नेप्किन रिङ बनाउने । | 2 | 40 | 42 |
| | ७.३ हाडको कलात्मक जाली सियोदानी बनाउने । | 2 | 40 | 42 |
| | ७.४ हाडको कलात्मक फुलबुट्टे सियोदानी बनाउने । | 1 | 56 | 57 |
| | ७.५ हाडको कलात्मक बुद्ध छाते सियोदानी बनाउने । | 1 | 56 | 57 |
| **जम्मा समय** | | 50 | 1130 | 1180 |

मुख्य कार्य (Duty) नं. १

कार्भिङ्ग (Carving) विधिमा प्रयोग हुने हाते औजार/मेशिनहरू तथा सुरक्षाको सम्बन्धमा जानकारी लिने ।

| क्र.सं. | कार्य/कार्य-विधि (Tasks/Task Steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घण्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १. | • कार्भिङ्ग कार्यमा प्रयोग हुने विभिन्न हाते औजारहरूको बारेमा जानकारी लिने । | • **नाप्ने औजारहरू:** Gouge, Ruler आदिको पहिचान तथा प्रयोग गर्ने तरिका ।<br>• Diameter तथा Length नाप्ने ।<br>• **काट्ने औजारहरू:** देहायका औजारहरूको पहिचान, Sizes, संभार तथा प्रयोग गर्ने तरिका<br>○ Gouges (Standard gouge: Deep-fluted or shallow, Long & storng gouge: deep fluted, shallow)<br>○ Wrenches<br>• **धार लगाउने रेती:** धार लगाउने रेतीका प्रकारहरू तथा प्रयोग विधि । | 3 | 15 |
| २. | कार्भिङ्ग मेशिनको विभिन्न भागहरूको नाम/काम थाहा पाउने । | • Carving Motor<br>• Step Pulleys<br>• Switch Assembly<br>• Nipples (for clamping cutter and thin wire (तिल्लि) इत्यादि<br>• Ball Bearing in the handle (627 at pulley side and 608 at carving tool side)<br>• Locking systems in the Nipples<br>• Covering conduit (pipe)<br>• Inner wire for revolving tools at theother end<br>• Belt | 2 | 10 |
| ३. | धार लगाउने मेशिन प्रयोग तथा प्रणालीको बारेमा आवश्यक जानकारी लिने । | • Parts of the Sharpening machine: Bevel shoulder, Sand Wheels (various grits and their uses), Buffing Wheel etc.<br>• धार लगाउने मेशिनको उचित मर्मत संभार सम्बन्धी ज्ञान । | 2 | 10 |
| ४. | कार्यशालामा कार्भिङ्ग मेशिनका राखिएको ठाउँको बारेमा जानकारी लिने । | • कार्भिङ्ग मेशिन राख्ने स्थान (Stand) को बारेमा सामान्य जानकारी ।<br>• कार्भिङ्ग मेशिनलाई दह्रो (Rigid) रुपमा राख्ने तरिकाको बारेमा सामान्य जानकारी ।<br>• कार्भिङ्ग मेशिनमा काम गर्दा दायाँ बायाँ आवश्यक ठाउँ (Space reguirement) को बारेमा जानकारी ।<br>• कार्भिङ्ग मेशिनहरूको एक अर्काको बीचमा आवश्यक न्यूनतम दूरीको बारेमा जानकारी । | 1 | 5 |
| ५. | कार्भिङ्ग मेशिनको क्षमता/विद्युतको आवश्यकता तथा सुरक्षाको बारेमा थाहा पाउने । | • Horsepower/Watt<br>• RMP<br>• कार्भिङ्ग मेशिनको लागि विद्युत तथा भोल्टेजको आवश्यकता ।<br>○ कार्भिङ्ग मेशिनमा काम गर्दा अपनाउनुपर्ने सावधानीहरू तथा सुरक्षाका बारेमा विस्तृत जानकारी । | 2 | 5 |

| क्र.सं. | कार्य/कार्य-विधि (Tasks/Task Steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घण्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | | ○ कार्भिङ्ग मेशिनको गति (Speed)<br>○ सम्पूर्ण Locking system हरू Lock भए नभएको जाँच<br>○ काम गर्ने ठाउँमा अन्य औजार तथा अनावश्यक सामानहरू भए नभएको जाँच ।<br>○ उचित पोशाकको प्रयोग धारिलो औजारको प्रयोगमा अपनाउनु पर्ने सावधानीहरू । | | |
| ६. | **कार्भिङ्ग मेशिनको मर्मत संभार सम्बन्धी ज्ञान लिने ।** | • Bearing को जाँच गर्ने ।<br>• Grease गर्ने ।<br>• Bearing मा रहेको धूलो सफा गर्ने ।<br>• Mobil check गर्ने/ फेर्ने इत्यादि । | 1 | 7 |
| ७. | **आवश्यकता अनुसार तिल्लिहरू प्रयोग गरी कटरहरू बनाउने ।** | • विभिन्न प्रकारका डिजाइनमा आवश्यक तिल्लि कटरहरूको प्रयोग सम्बन्धी ज्ञान । | 1 | 7 |
| ८. | **हाते औजार/मेशिनहरूको प्रयोगमा अपनाउनुपर्ने सुरक्षाका उपाय बारेमा जानकारी लिने ।** | • आँखाको सुरक्षाः Goggles, Plexiglas face shield को प्रयोग ।<br>• मास्क तथा Ear plug को प्रयोग ।<br>• धुलोबाट बच्ने उपायः धुलोबाट आगलागी हुने तथा स्वास्थ्यमा पार्ने नकारात्मक असरबारे जानकारी ।<br>• काठ, सिङ तथा हड्डीका धूलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी ।<br>• कार्यशालामा उज्यालोको तथा काम गर्ने ठाउँ (working space) यथेष्ट व्यवस्था। कार्भिङ्ग मेशिनमा काम गर्दा अपनाउनुपर्ने सावधानी तथा सुरक्षाका बारेमा विस्तृत जानकारी । | 2 | 5 |
| | | **जम्मा** | 14 | 64 |

**मूख्य कार्य (Duty) नं. २**

**सरल बुट्टादार टाँक (Simple Carved Button) हरू बनाउने ।**

| क्र.सं. | कार्य/कार्य-विधि (Tasks/Task Steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घण्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १. | **काठका सरल बुट्टादार टाँक बनाउने ।**<br>(कम्तीमा पनि अनुसूचि १ को चित्र नं. १ मा दिइए अनुसारका १० किसिमका टाँक बनाउने ।<br>• टर्निङ वा घिसाईबाट निकालेका काठका टाँकहरूको टुप्पो काट्ने (finishing गर्ने)<br>• टाँकमा प्वाल पार्ने (Toggle, Abstract, Square, Oval प्रकारमा)<br>• घाट (धागो बस्ने ठाउँमा) काट्ने ।<br>• डिजाइन अनुसार कटर तथा तिलीको फेरवदल गरी लाइन, स्टार तथा अन्य साधारण बुट्टाहरू निकाल्ने ।<br>• प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | • काठका प्रकार तथा प्रयोग<br>• काठको मोटाइ तथा लम्बाई नाप्ने तरिका: Linear Scale, Callipers बाट नाप लिने तरिका ।<br>• कार्भिङ्ग मेशिन चलाउने तरिका: कार्भिङ्ग मेशिनका विभिन्न भागहरूका काम, चलाउने तरिका, मेशिनका भागहरूको स्याहार संभार गर्ने उपायहरू, सुरक्षाका तथा सावधानीका उपायहरू समेत ।<br>• गोलाका डिजाइनहरू बारे जानकारी ।<br>• काठको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन ( इन्धनको रुपमा काठको धुलोको प्रयोग) सम्बन्धी जानकारी । | 2 | 40 |
| २. | **सिङका सरल बुट्टादार टाँक बनाउने ।**<br>(कम्तिमा पनि अनुसूचि १ को चित्र नं. २ मा दिईए अनुसारका १० किसिमका टाँक बनाउने)<br>• टर्निङ तथा घिसाईबाट निकालेका सिङका टाँकहरूको टुप्पो काट्ने (finishing गर्ने)<br>• टाँकमा प्वाल पार्ने (Toggle, Abstract, Square, Oval प्रकारमा)<br>• घाट (धागो बस्ने ठाउँमा) काट्ने ।<br>• डिजाइन अनुसार कटर तथा तिल्ली फेरि लाइन, स्टार तथा अन्य साधारण बुट्टाहरू निकाल्ने ।<br>• प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | • सिङका प्रकार तथा प्रयोग सम्बन्धी ज्ञान ।<br>• सिङका सरल बुट्टादार टाँकका डिजाइनहरूबारे जानकारी ।<br>• सिङको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 2 | 56 |
| ३. | **हाडका सरल बुट्टादार टाँक बनाउने ।**<br>(कम्तीमा पनि अनुसुचि १ को चित्र नं. ३ मा दिइए अनुसारका १० किसिमका टाँक बनाउने)<br>• टर्निङबाट निकालेका हाडका टाँकहरूको टुप्पो काट्ने (finishing गर्ने)<br>• टाँकमा प्वाल पार्ने (Toggle, Abstract, Square, Oval प्रकारमा)<br>• घाट (धागो बस्ने ठाउँमा) काट्ने ।<br>• डिजाइन अनुसार लाइन, फुल, स्टार तथा अन्य साधारण बुट्टाहरू निकाल्ने ।<br>• प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | • हाडका प्रकार तथा प्रयोग सम्बन्धी ज्ञान ।<br>• हाडका सरल बुट्टादार टाँकका डिजाइनहरूबारे जानकारी ।<br>• हाडको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन (दाना तथा मलमा हाडको धुलोको प्रयोग इत्यादि) सम्बन्धी जानकारी | 2 | 56 |
| | **जम्मा** | | 6 | 152 |

**मूख्य कार्य (Duty) नं. ३.**

**कलात्मक बुट्टादार टाँक (Artistic Carved Button) हरू बनाउने ।**

| क.सं. | कार्य /कार्य–सूची (Tasks/Task steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १. | **काठका कलात्मक बुट्टादार टाँक बनाउने ।**<br>(कम्तीमा पनि अनुसूचि २ को चित्र नं. १ मा दिइए अनुसारका १० किसिमका टाँक बनाउने)<br>▪ टर्निङ्ग वा घिसाईबाट निकालेका टाँक (काठका) हरूको टुप्पो काट्ने (finishing गर्ने) ।<br>▪ टाँकमा प्वाल पार्ने (Toggle, Abstract, Square, Oval प्रकारमा) ।<br>▪ घाट (धागो बस्ने ठाउंमा) काट्ने ।<br>▪ डिजाइन अनुसार कलात्मक तथा अन्य बुट्टाहरू निकाल्ने ।<br>▪ प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउको उचित सरसफाई गर्ने । | ▪ काठका कलात्मक तथा अन्य डिजाइनहरू बारे जानकारी । | 1 | 40 |
| २. | **सिङ्गका कलात्मक बुट्टादार टाँक बनाउने ।**<br>(कम्तीमा पनि अनुसूचि २ को चित्र नं. २ मा दिइए अनुसारका १० किसिमका टाँक बनाउने)<br>▪ टर्निङ्ग वा घिसाईबाट निकालेका टाँक (सिङ्गका) हरूको टुप्पो काट्ने (finishing गर्ने) ।<br>▪ टाँकमा प्वाल पार्ने (Toggle, Abstract, Square, Oval प्रकारमा) ।<br>▪ घाट (धागो बस्ने ठाउंमा) काट्ने ।<br>▪ डिजाइन अनुसार कलात्मक तथा अन्य बुट्टाहरू निकाल्ने ।<br>▪ प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउको उचित सरसफाई गर्ने । | ▪ सिङ्गका सरल बुट्टादार टाँकका डिजाइनहरू बारे जानकारी । | 1 | 42 |
| ३. | **हाडका कलात्मक बुट्टादार टाँक बनाउने ।**<br>(कम्तीमा पनि अनुसूचि २ को चित्र नं. ३ मा दिइए अनुसारका १० किसिमका टाँक बनाउने)<br>▪ टर्निङ्ग वा घिसाईबाट निकालेका टाँक<br>▪ (हाडका) हरूको टुप्पो काट्ने (finishing गर्ने ) ।<br>▪ टाँकमा प्वाल पार्ने -Toggle, Abstract, Square, Oval प्रकारमा) ।<br>▪ घाट (धागो बस्ने ठाउंमा) काट्ने ।<br>▪ डिजाइन अनुसार कलात्मक तथा अन्य बुट्टाहरू निकाल्ने ।<br>▪ प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउको उचित सरसफाई गर्ने । | ▪ हाडका कलात्मक तथा अन्य डिजाइनहरू बारे जानकारी । | 1 | 56 |
| | **जम्मा** | | 3 | 138 |

**मूख्य कार्य (Duty) न ४**

**कलात्मक जनावर डिजाइन/अन्य डिजाइनका टाँक (Artistic Animal Design/Other Design Button) हरू बनाउने ।**

| क.सं. | कार्य /कार्य–सूची (Tasks/Task steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| १. | **काठका जनावर / अन्य डिजाइनका टाँक बनाउने ।**<br>(कम्तीमा पनि अनुसूचि ३ को चित्र नं. १ मा दिइए अनुसारका १० किसिमका टाँक बनाउने)<br>▪ टर्निङ्ग वा घिसाईबाट निकालेका टाँक ( काठका) हरूको टुप्पो काट्ने (finishing गर्ने) ।<br>▪ टाँकमा प्वाल पार्ने (Toggle, Abstract, Square, Oval प्रकारमा) ।<br>▪ घाट (धागो बस्ने ठाउंमा) काट्ने ।<br>▪ डिजाइन अनुसार जनावर, चरा, माछ्रा तथा गाह्रा बुट्टाहरू निकाल्ने ।<br>▪ प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउको उचित सरसफाई गर्ने । | ▪ काठका जनावर/अन्य डिजाइनका टाँकहरूबारे जानकारी । | 1 | 64 |
| २. | **सिङ्गका कलात्मक बुट्टादार टाँक बनाउने ।**<br>(कम्तीमा पनि अनुसूचि ३ को चित्र नं. २ मा दिइए अनुसारका १० किसिमका टाँक बनाउने)<br>▪ टर्निङ्ग वा घिसाईबाट निकालेका टाँक ( सिङ्गका) हरूको टुप्पो काट्ने (finishing गर्ने) ।<br>▪ टाँकमा प्वाल पार्ने (Toggle, Abstract, Square, Oval प्रकारमा) ।<br>▪ घाट (धागो बस्ने ठाउंमा) काट्ने ।<br>▪ डिजाइन अनुसार जनावर, चरा, माछ्रा तथा गाह्रा बुट्टाहरू निकाल्ने ।<br>▪ प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउको उचित सरसफाई गर्ने । | ▪ सिङ्गका जनावर /अन्य डिजाइनका टाँकहरूबारे जानकारी । | 1 | 64 |
| ३. | **हाडका कलात्मक बुट्टादार टाँक बनाउने ।**<br>(कम्तीमा पनि अनुसूचि ३ को चित्र नं. ३ मा दिइए अनुसारका १० किसिमका टाँक बनाउने)<br>▪ टर्निङ्ग वा घिसाईबाट निकालेका टाँक ( हाडका) हरूको टुप्पो काट्ने (finishing गर्ने) ।<br>▪ टाँकमा प्वाल पार्ने -Toggle, Abstract, Square, Oval प्रकारमा) ।<br>▪ घाट (धागो बस्ने ठाउंमा)काट्ने ।<br>▪ डिजाइन जनावर, चरा, माछ्रा तथा गाह्रा बुट्टाहरू निकाल्ने ।<br>▪ प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउको उचित सरसफाई गर्ने । | ▪ हाडका जनावर /अन्य डिजाइनका टाँकहरूबारे जानकारी । | 2 | 64 |
| | **जम्मा** | | 4 | 192 |

मूख्य कार्य (Duty) नं. ५

**काठका कलात्मक सजावटका सामान (Artistic Decorative Article) हरू बनाउने ।**

| क्र.सं. | कार्य/कार्य-विधि (Tasks/Task Steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घण्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ५.१ | **काठको कलात्मक माछा सियोदानी बनाउने ।** (कम्तीमा पनि अनुसूचि २ को चित्र नं. १ मा दिइए अनुसारका ५ किसिमका सामानहरू बनाउने ।<br>● टर्निङबाट निकालेका काठका सादा सामानबाट माछा आकारको सियोदानी बनाउन कार्भिङ्ग मेशिनबाट माछाको मुख, कान र आँखाको आकृति निकाल्ने ।<br>● माछाको पूर्ण आकृति दिन जीउको भागमा कत्लाको बुट्टा काट्ने ।<br>● माछाको पुच्छरको आकृति बनाउने र फाइनल गर्ने ।<br>● प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | ● कार्भिङ्ग मेशिन चलाउने तरिकाः कार्भिङ्ग मेशिनका विभिन्न भागहरूका काम, चलाउने तरिका, मेशिनका भागहरूको स्याहार संभार गर्ने उपायहरू, सुरक्षाका तथा सावधानीका उपायहरू समेत ।<br>● काठको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन ( इन्धनको रुपमा काठको धुलोको प्रयोग) सम्बन्धी जानकारी । | 2 | 24 |
| ५.२ | **काठको कलात्मक जाली सियोदानी बनाउने ।** (अनुसूचि २ को चित्र नं. २ मा दिइए अनुसार बनाउने )<br>● टर्निङबाट निकालेका काठका सादा सामानको तल माथीको बोर्डर बाहेक सबै ठाउमा धेरै प्वालहरू पार्ने ।<br>● कार्भिङ्ग कटर फेरी मसिनो धार भएको कटर लगाई उक्त प्वालहरू चित्र अनुसार फाइनल गर्ने ।<br>● जाली सियोदानीको सादा टुप्पोमा भ्यागुतो बनाउने र फिनिसिङ गर्ने ।<br>● प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | ● डिजाइन अनुसारका कटरहरूको प्रयोग र पूर्ण जानकारी लिने ।<br>● काठको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 1 | 32 |
| ५.३ | **काठको कलात्मक लहरे पातबुट्टे सियोदानी बनाउने ।**<br>(अनुसूचि २ को चित्र नं. ३ मा दिइए अनुसार बनाउने)<br>● टर्निङबाट निकालेका काठका सादा सामानको तल माथीको बोर्डर बाहेक सबै ठाउमा धेरै पातबुट्टा कार्भिङ्ग गर्ने ।<br>● कार्भिङ्ग कटर फेरी मसिनो धार भएको कटर लगाई उक्त लहरे पातबुट्टा चित्र अनुसार फाइनल गर्ने ।<br>● दुबै बोर्डरको घेरामा चित्र अनुसारको लाइन कोर्ने र फाइनल गर्ने ।<br>● प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | ● काठको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 1 | 24 |
| ५.४ | **काठको कलात्मक क्रोसेट हुक बनाउने ।** (अनुसूचि २ को चित्र नं. ४ मा दिइए अनुसार बनाउने)<br>● टर्निङबाट निकालेका काठका सादा क्रासेट हुकको सादा टाउकोमा भ्यागुतो कार्भिङ्ग गर्ने । | ● काठको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 1 | 40 |

| क्र.सं. | कार्य/कार्य-विधि (Tasks/Task Steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घण्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | • भ्यागुतो कार्भिङ्गलाई कटर फेरी फाइनल गर्ने ।<br>• चुच्चो कटरले क्रोसेट हुकको पुच्छरमा चित्र अनुसार ताछ्री हुक बनाउने ।<br>• सानो कटर फेरी हुकलाई फाइनल गर्ने ।<br>• प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | • काठका क्रोसेट हुकको प्रकार र विभिन्न साईजको जानकारी ।<br>• काठको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | | |
| ५.५ | **काठको कलात्मक बुद्ध आकारको बट्टा बनाउने ।** (अनुसूचि २ को चित्र नं. ५ मा दिइए अनुसार बनाउने)<br>• टर्निङबाट आएका सादा काठलाई बुद्धको टाउको आकृति कार्भिङ्ग गर्ने ।<br>• जाली कटर प्रयोग गरी बुद्धको टाउको माथि कपाल तथा आँखा, कान, नाक कार्भिङ्ग गर्ने ।<br>• तलको बिटको भागमा चित्र अनुसारको धर्को कार्भिङ्ग गर्ने र फाइनल गर्ने ।<br>• प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | • काठको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 2 | 40 |
| **जम्मा** | | | 7 | 160 |

**मुख्य कार्य (Duty) नं. ६**

**सिङका कलात्मक सजावटका सामान (Artistic Decorative Article) हरू बनाउने ।**

| क्र.सं. | कार्य/कार्य-विधि (Tasks/Task Steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घण्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ६.१ | **सिङको कलात्मक बुढो मान्छे सियोदानी बनाउने ।**<br>(कम्तीमा पनि अनुसूचि ३ को चित्र नं. १ मा दिइए अनुसार बनाउने ।)<br>● टर्निङबाट निकालेका सिङका सादा सामानबाट बुढो मान्छे आकारको सियोदानी बनाउन कार्भिङ्ग मेशिनबाट मुख, कान, कापाल र आँखाको आकृति निकाल्ने ।<br>● जाली कटरबाट पूर्ण आकृति दिन बिचको भागमा दारी कार्भिङ्ग गर्ने ।<br>● सानो कटर प्रयोग गरी फाइनल गर्ने ।<br>● प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | ● कार्भिङ्ग मेशिन चलाउने तरिका: कार्भिङ्ग मेशिनका विभिन्न भागहरूका काम, चलाउने तरिका, मेशिनका भागहरूको स्याहार संभार गर्ने उपायहरू, सुरक्षाका तथा सावधानीका उपायहरू समेत ।<br>● सिङको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी । | 2 | 32 |
| ६.२ | **सिङको कलात्मक स्तुपा सियोदानी बनाउने ।**<br>(अनुसूचि ३ को चित्र नं. २ मा दिइए अनुसार बनाउने )<br>● टर्निङबाट निकालेका सिङका सादा स्तुपा सामानमा चुच्चो कटरले फुल-पातबुट्टाको आकार बनाउने ।<br>● चुच्चो कटर प्रयोग गरी पात, फुल बुट्टामा जाली कटरले कोर्ने र फाइनल फिनिसिङ गर्ने ।<br>● प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | ● डिजाइन अनुसारका कटरहरूको प्रयोग र पूर्ण जानकारी लिने ।<br>● सिङको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 1 | 24 |
| ६.३ | **सिङको कलात्मक मकै आकृतिको सियोदानी बनाउने ।**<br>(अनुसूचि ३ को चित्र नं. ३ मा दिइए अनुसार बनाउने)<br>● टर्निङबाट निकालेका सिङका सादा सामानमा ताछ्ने कटर प्रयोग गरी मकैको आकारमा ल्याउने ।<br>● चुच्चो सियो प्रयोग गरी मकैको दानाहरू तयार गर्ने ।<br>● मकैको दाना तयार भएपछि मकैको पात बनाउन जाली कटरको प्रयोग गर्ने र फाइनल गर्ने ।<br>● प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | ● सिङको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 1 | 24 |
| ६.४ | **सिङको सजावटका कलात्मक माछा बनाउने ।**<br>(अनुसूचि ३. को चित्र नं. ४ मा दिइए अनुसार बनाउने)<br>● टर्निङबाट निकालेका सादा सिङका टुक्रालाई मोटो सियोद्वारा ताछी माछा आकारमा ल्याउने ।<br>● मसिनो सियो प्रयोग गरी कार्भिङ्ग गरी मुख, आँखा, कत्ला, पुच्छर बनाउने र फाइनल फिनिसिङ गर्ने । | ● सिङको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 1 | 56 |

| क्र.सं. | कार्य/कार्य-विधि (Tasks/Task Steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घण्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | • प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | | | |
| ६.५ | **सिङको सजावटका कलात्मक लोखर्के आकारको वस्तु बनाउने ।**<br>(अनुसूचि ३ को चित्र नं. ५ मा दिइए अनुसार बनाउने)<br>• टर्निङबाट आएका सादा सिङका टुक्रालाई मकैखान लागेको लोखर्के आकृति कार्भिङ्ग मेशिनले ताछेर बनाउने ।<br>• उक्त आकृतिलाई चुच्चो कटर प्रयोग गरी बुट्टा कार्भिङ्ग गर्ने ।<br>• पछाडीको भागमा पनि चित्र अनुसार कार्भिङ्ग गर्ने ।<br>• तलको बिटको भागमा चित्र अनुसारको धर्को कार्भिङ्ग गर्ने र फाइनल गर्ने ।<br>• प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | • सिङको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | २ | ५० |
| | **जम्मा** | | 7 | 176 |

**मूख्य कार्य (Duty) नं. ७**

**हाडका कलात्मक सजावटका सामान (Artistic Decorative Article) हरू बनाउने ।**

| क.सं. | कार्य/कार्य-विधि (Tasks/Task Steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घण्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| ७.१ | **हाडको सजावटका कलात्मक बट्टा बनाउने ।**<br>(कम्तीमा पनि अनुसूचि ४ को चित्र नं. १ मा दिइए अनुसार बनाउने ।)<br>● हाडलाई टर्निङबाट कटिङ गरी दुबै छेउमा सिङको बिर्को बनाई तयार भएको हाडको बट्टालाई तल माथिको बोर्डर विचमा सादा फुलको बुट्टा भर्न कार्भिङ्ग गर्ने ।<br>● सादा बुट्टा कोरेपछि चुच्चो कटर फेरी फुल तथा पात बनाउने ।<br>● बट्टामा फुल तथा पात कोरेपछि त्यसलाई पूर्णरुपमा पार्न जाली तथा चुच्चो कटर दुबैको प्रयोग गरी फाइनल गर्ने ।<br>● प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | ● कार्भिङ्ग मेशिन चलाउने तरिका: कार्भिङ्ग मेशिनका विभिन्न भागहरूका काम, चलाउने तरिका, मेशिनका भागहरूको स्याहार संभार गर्ने उपायहरू, सुरक्षाका तथा सावधानीका उपायहरू समेत ।<br>● हाडको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी । | 3 | 56 |
| ७.२ | **हाडको सजावटका कलात्मक नेप्किन रिङ बनाउने ।**<br>(अनुसूचि ४ को चित्र नं. २ मा दिइए अनुसार बनाउने )<br>● टर्निङबाट निकालेका सादा नेप्किन रिङमा मोटो कटर प्रयोग गरी फुल र पातको आकार बनाउने ।<br>● फुल तथा पातको आकार बनेपछि अर्को चुच्चो कटर फेरी बुट्टा तथा पात बनाउने र दुबै बोर्डरमा रिङ कार्भिङ्ग गर्ने ।<br>● फुल तथा पात बुट्टा बनेपछि जाली कटर प्रयोग गरी सफा-फाइनल गर्ने ।<br>● प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | ● डिजाइन अनुसारका कटरहरूको प्रयोग र पूर्ण जानकारी लिने ।<br>● हाडको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 2 | 40 |
| ७.३ | **हाडको सजावटका कलात्मक जाली सियोदानी बनाउने ।**<br>(अनुसूचि ४ को चित्र नं. ३ मा दिइए अनुसार बनाउने )<br>● टर्निङबाट निकालेका हाडका सादा सामानको तल माथीको बोर्डर र पिंध बाहेक सबै ठाउमा धेरै प्वालहरू पार्ने ।<br>● कार्भिङ्ग कटर फेरी मसिनो धार भएको कटर लगाई उक्त प्वालहरू चित्र अनुसार फाइनल गर्ने ।<br>● प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | ● हाडको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 2 | 40 |
| ७.४ | **हाडको सजावटका कलात्मक फुलबुट्टे सियोदानी बनाउने ।**<br>(अनुसूचि ४ को चित्र नं. ४ मा दिइए अनुसार बनाउने)<br>● टर्निङबाट निकालेका सादा हाडका सादा हाडको सियोदानीमा ठुलो कटरको प्रयोग गरी फुल बुट्टा पातको आकृति निकाल्ने । | ● हाडको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 1 | 56 |

| क्र.सं. | कार्य/कार्य-विधि (Tasks/Task Steps) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घण्टामा) | |
|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | • सादा हाडको सियोदानीमा ठुलो कटरको प्रयोग गरी फुल बुट्टा पातको आकृति निकाल्ने ।<br>• चुच्चो कटरले बुट्टाको आकृति बनाएको सियोदानीमा पूर्ण फुल र पात कोर्ने ।<br>• जाली कटरले सयोदानीको टुप्पोमा अण्डाबाट चरा निक्लिन लागेको आकृति बनाउने र पुनः चुच्चो कटर प्रयोग गरी त्यसमा कार्भिङ्ग गरी फाइनल गर्ने ।<br>• प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | | | |
| ६.५ | **हाडको सजावटका कलात्मक छाते सियोदनी बनाउने ।**<br>(अनुसूचि ४ को चित्र नं. ५ मा दिइए अनुसार बनाउने)<br>• टर्निङबाट आएका हाडको सादा छाते सियोदानी ठुलो कटर प्रयोग गरी छाताको आकृति दिने ।<br>• उक्त आकृतिलाई चुच्चो कटर प्रयोग गरी बुट्टा कार्भिङ्ग गर्ने ।<br>• चुच्चो कटरले छाताको बिड बनाउने र तलको टुप्पोमा पनि डण्डी बनाउने र फाइनल गर्ने ।<br>• प्रयोग गरेका औजार, उपकरण र काम गरेको ठाउँको उचित सरसफाई गर्ने । | • हाडको धूलोबाट हुने हानी, नोक्सानी सम्बन्धी जानकारी, यसबाट बच्ने उपायहरू तथा धुलोको उचित व्यवस्थापन सम्बन्धी जानकारी | 1 | 56 |
| **जम्मा** | | | 9 | 248 |
| **जम्मा समय** | | | 50 | 1130 |
| **कूल जम्मा समय** | | | 1180 | |

# औद्योगिक अभ्यास (Industrial Practice)

## परिचय

प्रशिक्षार्थीहरुले तालीमको क्रममा सिकेका ज्ञान र सीपलाई सही ढंगबाट व्यवहारमा उतार्न सक्ने योग्यता र क्षमता प्रर्दशन गरेमा मात्र सीप आर्जन गरेको मानिन्छ । पेशासंग सम्बन्धित कार्यहरु सुनिश्चित ढंगबाट गर्ने आधार तयार गर्न शिक्षालय स्तरको नियमित तालीम पश्चात निश्चित अवधिसम्म परियोजनाको कार्य गर्न औद्योगिक अभ्यासको प्रावधान आवश्यक पर्दछ । यो प्रावधानले प्रशिक्षार्थीहरुलाई स्वंस्फुर्त ढंगबाट पेशासंग सम्बन्धित जटिल सीपहरु आर्जन गर्ने अवसर प्राप्त हुन्छ । शिक्षालय स्तरको नियमित तालीम अवधिमा पनि प्रशिक्षार्थीहरुले करिब ९५% समय सीप हासिल गर्नेतर्फ प्रस्ताव गरिएको भएतापनि सो समायवधिमा सीप आर्जन गर्ने प्रक्रिया प्रशिक्षक निर्देशित हुन्छ । प्रशिक्षीहरु नियमित तालीमको क्रमको उत्तरार्धमा सीपयुक्त भई औद्योगिक अभ्यास र वस्तु उत्पादनसंग परिचित भैसकेका भएता पनि प्रशिक्षक निर्देशित हुन्छन् । यो प्रावधानले प्रशिक्षार्थीहरुलाई प्रशिक्षकको निरन्तर नियन्त्रण र निर्देशन प्राप्त विनानै पेशासंग सम्बन्धित जटिल सीपहरु प्रर्दशन गरी निर्धारित वस्तुहरु उत्पादन गर्नृ अवसर प्राप्त हुन्छ ।

## उद्धेश्यहरु

यस प्रावधानको निर्दिष्ट उद्धेश्यहरु यस प्रकारका छन् ।

१) नियमित तालीमको क्रममा सिकेका ज्ञान र सीपलाई व्यबहारिक प्रयोगमा ल्याउन ।
२) तालिम पश्चात आफूले अपनाउने पेशाको वास्तविक कामरुपी संसारसंग परिचित गराउन ।
३) पेशासंग सम्बन्धित औद्योगिक उत्पादन तथा वस्तुसंग परिचित गराउन ।
४) आत्म निर्भर भै पेशा तथा व्यवसायसंग सम्बन्धित विभिन्न आकार प्रकारका प्रयोग तथा सजावटका सामानहरु बनाउन ।
५) पेशासंग सम्बन्धित जटिल सीपहरु प्रर्दशन गराउन ।
६) औद्योगिक प्रतिष्ठानमा दैनिक गर्नुपर्ने प्रशासकीय तथा व्यबस्थापकीय कार्यसंग परिचित गराउन ।

## अवधि

३२० घण्टा (२ महिना)

### औद्योगिक अभ्यासमा गर्ने काम

कक्षागत तालीममा सिकेका  विभिन्न सीप तथा कार्यहरु

# विभिन्न किसिमका सरल बुट्टादार टाँकहरु

## १. काठका टाँकहरु



*चित्र नं. १*

## २. सिङ टाँकहरु



*चित्र नं. २*

**३. हाडका टाँकहरु**




*चित्र नं. ३*

# विभिन्न किसिमका कलात्मक बुट्टादार टाँकहरु

## १. काठका टाँकहरु



*चित्र नं. १*

२. सिङ टाँकहरु



*चित्र नं. २*

३. हाडका टाँकहरु




*चित्र नं. ३*

**अनुसूची–३**

# विभिन्न किसिमका कलात्मक जनावर/अन्य डिजाइनका बुट्टादार टाँकहरु

१. काठका टाँकहरु



*चित्र नं. १*

२. सिङ टाँकहरु



*चित्र नं. २*

## ३. हाडका टाँकहरु




*चित्र नं. ३*

# काठका सजावटका कलात्मक वस्तुहरु



चित्र नं. १
काठको कलात्मक जाली सियोदानी



चित्र नं. २
काठको कलात्मक जाली सियोदानी



चित्र नं. ३
काठको कलात्मक पातबुट्टे सियोदानी



चित्र नं. ४
काठको कलात्मक क्रोसेट हुक



चित्र नं. ५
काठको कलात्मक बुद्ध

# सिङका सजावटका कलात्मक वस्तुहरु



चित्र नं. १
सिङको कलात्मक बुढो मान्छे सियोदानी



चित्र नं. २
सिङको कलात्मक स्तुपा सियोदानी



चित्र नं. ३
सिङको कलात्मक मकै सियोदानी



चित्र नं. ४
सिङको कलात्मक माछा



चित्र नं. ५
सिङको कलात्मक लोखर्के

# हाडका सजावटका कलात्मक वस्तुहरु



चित्र नं. १
हाडको कलात्मक बट्टा



चित्र नं. २
हाडको कलात्मक नेप्किन रिङ



चित्र नं. ३
हाडको कलात्मक जालीदार सियोदानी



चित्र नं. ४
हाडको कलात्मक फुलबुट्टे सियोदानी



चित्र नं. ५
हाडको कलात्मक छाते सियोदानी

Issue No. Regd. No.

Sample

# लक्ष्मी टाँक तथा हस्तकला प्रतिष्ठान, बाँसबारी, काठमाण्डौं

# Laxmi Button and Handicraft Institute, Bansbari, Kathmandu.

**(प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुरबाट सम्बन्धन प्राप्त)**
**(Affiliated to the Council for Technical Education and Vocational Training, Sanothimi, Bhaktapur)**

*PHOTO (Graduate)*

## प्रमाण-पत्र
## CERTIFICATE

जिल्ला काठमाण्डौं काठमाण्डौं ~~मा.वि.स./न.पा./उ.मा.न.पा./~~मा.न.पा.वडा नं. ५ बस्ने श्री सगरमाथा गण्डकी को ~~छोरा~~/छोरी ~~श्री/श्रीमती~~/सुश्री एभरेष्ट लुम्बिनीले वि.सं. २०६०, बैशाख देखि वि.सं. २०६० चैत्र सम्म सञ्चालित कार्भिङ विधिबाट टाँक बनाउने (१५०० घण्टा)को तालीम सफलता पूर्वक सम्पन्न गरेको प्रमाणित गरिन्छ ।

This is to certify that **Ms. Everest Lumbini** son/daughter of **Mr. Sagarmatha Gandaki** a resident of **Kathmandu Metropolitan City-5 of Kathmandu** district has successfully completed **Carver** [Button & Artistic Articles] **(1500 hours)** conducted from **May 2007** to **March 2008.**

**Date of issue:** March 15, 2008

*Bouddha Swayambhu*
**(Course Coordinator)**

*Om Shanti*
**(Director/Principal)**